विषय सूची

# चुमनुब्री गाउँपालिकाको सार्वजनिक सुनुवाइ कार्यक्रम-२०८३

# प्रतिवेदन

सहजीकरण

सहमत मिडिया प्रालि

चुमनुब्री गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय

सिर्दिबास, गोरखा

२०८३ बैशाख २० गते

# विषय सूची

**(क) कार्यकारी सारांश**
**अध्याय १ः परिचय**
१.१ कार्यक्रमको पृष्ठभूमि
१.२ कार्यक्रमको उद्देश्य
**अध्याय २ः कार्यक्रमको विवरण**
२.१ स्थान, मिति र अध्यक्षता
२.२ सहभागीहरूको विवरण
**अध्याय ३ः कार्यक्रम सञ्चालनको विधि**
३.१ सर्वेक्षण विधि (बहिर्गमन अभिमत र नागरिक प्रतिवेदन पत्र)
३.२ आचारसंहिता
**अध्याय ४ः प्रगति विवरण (प्रस्तुतीकरण सारांश)**
४.१ आर्थिक तथा प्रशासनिक प्रगति
४.२ विषयगत शाखाका प्रमुख उपलब्धिहरू
**अध्याय ५ः सर्वेक्षणको नतिजा विश्लेषण**
५.१ बहिर्गमन अभिमत (Exit Poll) को नतिजा
५.२ नागरिक प्रतिवेदन पत्र (Citizen Report Card) को नतिजा
**अध्याय ६ः खुला छलफलः नागरिकका सवाल र जवाफदेही वक्ताको जवाफ (नागरिकका प्रश्न र पदाधिकारीको जवाफ)**
**अध्याय ७ः विश्लेषण तथा निष्कर्ष**
७.१ सबल पक्षहरू
७.२ सुधार गर्नुपर्ने पक्षहरू
**अध्याय ८ः सुझावहरू**
**अध्याय ९ः अनुसूचीहरु**

# (क) कार्यकारी सारांश

सुशासन, पारदर्शिता र जनउत्तरदायित्वको उच्चतम अभ्यासलाई आत्मसात् गर्दै चुमनुब्री गाउँपालिकाले आर्थिक वर्ष २०८२/०८३ को सार्वजनिक सुनुवाइ कार्यक्रम सफलतापूर्वक सम्पन्न गरेको छ। सडक सञ्जालले नछोएको र अत्यन्तै विकट हिमाली भूगोलमा अवस्थित यस पालिकाले नागरिकको घरदैलोमै पुगेर (वडा नं. ५, बिही) राज्यको दोहोरो संवाद स्थापित गर्नु आफैँमा लोकतान्त्रिक अभ्यासको एक उत्कृष्ट नमुना हो ।
गाउँपालिका उपाध्यक्ष लक्ष्मी गुरुङको अध्यक्षतामा सम्पन्न यस कार्यक्रमले पालिकाको नीति, बजेट कार्यान्वयन र सेवा प्रवाहको यथार्थ नागरिकसामु प्रस्तुत गर्दै जनस्तरबाट उठेका प्रश्नहरूको जवाफ खोज्ने प्रयास गरेको छ।
प्रस्तुत प्रगति विवरण र नागरिक सर्वेक्षणको विश्लेषण गर्दा, चुमनुब्री गाउँपालिकाले आन्तरिक राजस्व संकलन र प्रविधिको प्रयोगमा ऐतिहासिक फड्को मारेको देखिएको छ। विगतमा जम्मा ११ लाखको हाराहारीमा सीमित आन्तरिक आयलाई यस वर्ष रु. १ करोड ५८ लाख पुऱ्याउने लक्ष्य राखिएकोमा, वैशाख महिनासम्ममै १ करोड ५४ लाख ३१ हजार (९७ प्रतिशत) संकलन भइसकेको छ। यस्तो दुर्गम भूगोलमा पनि शतप्रतिशत अनलाइन प्रणाली र क्युआर कोड मार्फत राजस्व संकलन हुनुले पालिकामा भ्रष्टाचार शून्य र डिजिटल सुशासनको नीति व्यवहारमै लागू भएको प्रमाणित गर्दछ। यसका साथै, पर्यटकबाट संकलित राजस्वलाई सोझै पदमार्ग र गुम्बा निर्माण जस्ता पूर्वाधारमा शतप्रतिशत लगानी गर्नु पालिकाको अर्को सबल पक्ष हो ।
यद्यपि, पालिकाको विकास यात्रामा भौगोलिक विकटताभन्दा पनि नीतिगत र संरचनागत जटिलता मुख्य तगारो बनेको तथ्य सुनुवाइबाट उजागर भएको छ। विशेषगरी, मनास्लु संरक्षण क्षेत्र आयोजनाको नीति र वातावरणीय प्रभाव मूल्यांकनको प्रक्रियागत झन्झटका कारण फिलिम-लार्के सडक लगायतका महत्वपूर्ण पूर्वाधारको करोडौं बजेट फ्रिज हुने जोखिम बढेको छ। यसले गर्दा स्थानीय नागरिक र संरक्षण क्षेत्र आयोजनाबीच असन्तुष्टि चुलिएको देखिन्छ।
खुला छलफलका क्रममा नागरिकहरूले मुख्यतः तीनवटा गम्भीर विषयहरूमा नेतृत्वको ध्यानाकर्षण गराएका थिएः

**१. खच्चडको अव्यवस्थित आवतजावतः** जसका कारण मुख्य पदमार्गहरू हिलाम्मे र जीर्ण बनेका छन् ।

**२. आधारभूत आवश्यकताको अभावः** प्रोक र ड्याङ जस्ता गाउँमा मुहानका कारण खानेपानीको समस्या छ।

**३. शैक्षिक र स्वास्थ्य जनशक्तिः** सेराङ मा.वि. लगायतका विद्यालयमा शिक्षक दरबन्दीको अभाव र स्वास्थ्य चौकीमा अत्यावश्यक सेवा प्राप्त गर्न समस्या भएको छ।

यसको जवाफमा गाउँपालिका नेतृत्वले खच्चड व्यवस्थापनका लागि रोटेसन प्रणाली कडाइका साथ लागू गर्ने, खानेपानीका नयाँ योजनाको डिपिआर अघि बढाउने र एमक्यापले खडा गरेका नीतिगत अवरोधहरू फुकाउन संघीय सरकारको उच्च तहमा डेलिगेसन जाने प्रतिबद्धता व्यक्त गरेको छ।
समग्रमा निष्कर्ष निकाल्दा, चुमनुब्री गाउँपालिकाले सीमित स्रोत, साधन र कठिन भूगोलका बाबजुद वित्तीय सुशासन र प्रविधिमैत्री सेवा प्रवाहमा राष्ट्रिय स्तरमै उदाहरण प्रस्तुत गरेको छ। आगामी दिनमा एमक्यापसँगको कानुनी उल्झन सुल्झाउँदै शिक्षा, स्वास्थ्य र सुरक्षित पदमार्गमा बजेट केन्द्रित गर्न सकेमा चुमनुब्रीले समृद्धिको नयाँ उचाइ हासिल गर्ने स्पष्ट संकेत यस सार्वजनिक सुनुवाइले दिएको छ।

# अध्याय १ः परिचय

## १.१ पृष्ठभूमि र अवधारणा

लोकतान्त्रिक शासन व्यवस्थामा नागरिक र सरकार बीचको सम्बन्धलाई प्रगाढ, जीवन्त र पारदर्शी बनाउने सबैभन्दा सशक्त माध्यम सार्वजनिक सुनुवाइ हो । नेपालको संविधानले परिकल्पना गरेको जनताको घरदैलोको सरकारका रूपमा रहेको स्थानीय तहले सम्पादन गर्ने कार्यहरूमा नागरिकको प्रत्यक्ष सहभागिता, अपनत्व र निगरानी सुनिश्चित गर्नु स्थानीय सरकारको प्रमुख दायित्व हो ।

यसै नैतिक तथा कानुनी दायित्वलाई आत्मसात् गर्दै, सडक सञ्जालले नछोएको र अत्यन्तै विकट हिमाली भूगोलमा अवस्थित चुमनुब्री गाउँपालिकाले सुशासन र जवाफदेहिताको प्रत्याभूति गराउन चालू आर्थिक वर्ष २०८२/०८३ को सार्वजनिक सुनुवाइ कार्यक्रम आयोजना गरेको हो । भौगोलिक विकटतालाई सुशासनको बाधक बन्न नदिने दृढ संकल्पका साथ, पालिका केन्द्र (सिर्दिवास) बाट दिनभरिको पैदल यात्रा तय गरी वडा नम्बर ५, बिही जस्तो दूरदराजमा पुगेर जनताका गुनासा सुन्ने र कार्यसम्पादनको सामाजिक परीक्षण गराउने यो अभ्यास आफैँमा उच्च लोकतान्त्रिक संस्कारको नमुना हो ।

## १.२ कानुनी आधार

यस सार्वजनिक सुनुवाइ कार्यक्रमलाई गाउँपालिकाले आफ्नो स्वेच्छिक अभ्यास मात्र नभई देहायका राष्ट्रिय कानुन र नीतिहरूले निर्दिष्ट गरेको अनिवार्य दायित्वका रूपमा सञ्चालन गरेको होः

- सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ः सार्वजनिक निकायहरूलाई जवाफदेही र पारदर्शी बनाउन सार्वजनिक सुनुवाइ गर्नुपर्ने अनिवार्य व्यवस्था ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ः स्थानीय तहले आफ्ना गतिविधिहरूको विवरण समय-समयमा नागरिकसामु सार्वजनिक गर्नुपर्ने प्रावधान ।
- सूचनाको हक सम्बन्धी ऐन, २०६४: नागरिकलाई सार्वजनिक सरोकारका विषयमा र राज्यकोषको खर्चबारे सुसूचित हुने अधिकार सुनिश्चित गर्ने ।
- सामाजिक उत्तरदायित्व निर्देशिका, २०७७ः गण्डकी प्रदेश सरकारले निर्माण गरेको सुशासन ऐन २०७६ अन्तर्गतको सामाजिक उत्तरदायित्व प्रबर्द्धन निर्देशिका २०७७ ले हरेक सरकारी निकायले चौमासिक रुपमा सार्वजनिक सुनुवाइ गर्नुपर्ने बाध्यकारी व्यवस्था ।

## १.३ कार्यक्रमको आवश्यकता र औचित्य

चुमनुब्री गाउँपालिका जस्तो विशिष्ट भौगोलिक र सांस्कृतिक पहिचान बोकेको क्षेत्रमा विकास निर्माणका आफ्नै मोडल र चुनौतीहरू छन् । एकातिर पर्यटन प्रवर्द्धन र भौतिक पूर्वाधारको विकास गर्नु छ भने अर्कोतिर मनास्लु संरक्षण क्षेत्र आयोजनाको नीतिगत मापदण्डभित्र रहेर काम गर्नुपर्ने बाध्यता छ ।

यस्तो अवस्थामा पालिकाको बजेट खर्चको अवस्था, सञ्चालित योजनाहरूको भौतिक प्रगति र सेवा प्रवाहमा देखिएका ढिलासुस्तीलाई तत्काल पहिचान गरी सुधार गर्न यो कार्यक्रम आवश्यक देखिएको हो । साथै, नागरिकहरू भौगोलिक विकटताका कारण सहजै पालिका केन्द्रसम्म धाएर आफ्ना गुनासा राख्न नसक्ने

यथार्थलाई मध्यनजर गर्दै, गाउँपालिका नै नागरिकको आँगनमा पुगेर दोहोरो संवाद गर्नु यस कार्यक्रमको प्रमुख औचित्य हो ।

### १.४ कार्यक्रमका मुख्य उद्देश्यहरू

*यस सार्वजनिक सुनुवाइ कार्यक्रमलाई मुख्यतया देहाय बमोजिमका उद्देश्यहरू हासिल गर्ने गरी लक्षित गरिएको थियोः*

- **सार्वजनिक परीक्षणः** चालु आर्थिक वर्ष २०८२/०८३ मा गाउँपालिका र वडा कार्यालयबाट सम्पादन भएका विकास निर्माणका योजना र सेवा प्रवाहको भौतिक तथा वित्तीय प्रगति नागरिकसामु सार्वजनिक गर्नु ।
- **गुनासो सुनुवाइ र समाधानः** शिक्षा, स्वास्थ्य, खानेपानी, पञ्जीकरण लगायतका प्रशासनिक सेवाका सम्बन्धमा सेवाग्राहीको सन्तुष्टि मापन गर्ने र प्रत्यक्ष गुनासो सुनेर तत्काल समाधानका उपाय खोज्नु ।
- **नीतिगत जटिलताबारे सुसूचितः** मनास्लु संरक्षण क्षेत्र आयोजनासँगको समन्वय अभाव र वातावरणीय प्रभाव मूल्याकंनका कारण विकास योजनामा परेको अवरोधबारे नागरिकलाई यथार्थ जानकारी गराउनु ।
- **स्थानीय सरोकारको व्यवस्थापनः** खच्चडको अव्यवस्थित आवतजावतले बिगारेको पदमार्गको व्यवस्थापन र पर्यटकबाट संकलित राजस्वको पारदर्शी उपयोगबारे नागरिकसँग छलफल गरी साझा सहमति निर्माण गर्नु ।
- **आगामी योजना तर्जुमाः** आगामी आर्थिक वर्षको नीति, कार्यक्रम र बजेट तर्जुमाका लागि नागरिकका वास्तविक आवश्यकता र चाहनाहरूलाई प्रत्यक्ष रूपमा संकलन गर्नु ।

## अध्याय २ः कार्यक्रमको विवरण

चुमनुब्री गाउँपालिकाले नागरिक र स्थानीय सरकारबीचको प्रत्यक्ष संवादलाई प्रभावकारी बनाउन आयोजना गरेको चालू आर्थिक वर्ष २०८२/०८३ को सार्वजनिक सुनुवाइ कार्यक्रम अत्यन्तै अन्तरक्रियात्मक र सौहार्दपूर्ण वातावरणमा सम्पन्न भयो । भौगोलिक दुर्गमताका बाबजुद गाउँपालिका नेतृत्वले जनताको घरदैलोमै पुगेर जवाफदेहिता प्रस्तुत गरेको यस कार्यक्रमको विस्तृत विवरण देहाय बमोजिम रहेको छः

### २.१ कार्यक्रमको रूपरेखा र स्थान

- **कार्यक्रमः** सार्वजनिक सुनुवाइ कार्यक्रम (आर्थिक वर्ष २०८२/०८३)
- **आयोजकः** चुमनुब्री गाउँपालिका, कार्यपालिकाको कार्यालय, सिर्दिवास, गोरखा ।
- **मितिः** २०८३ साल बैशाख २० गते (आइतबार) ।
- **स्थानः** वडा नम्बर ५ को कार्यालय, बिही ।
- **सहजीकरणः** प्रकाश ढकाल (सहमत मिडिया प्रा.लि. को तर्फबाट स्वतन्त्र र तटस्थ मध्यस्थकर्ता) ।

## २.२ अध्यक्षता र प्रमुख जवाफदेहिता

सार्वजनिक सुनुवाइ कार्यक्रमको अध्यक्षता चुमनुब्री गाउँपालिकाका उपाध्यक्ष लक्ष्मी गुरुङज्यूले गर्नुभएको थियो । स्थानीय नागरिकले उठाएका प्रश्न, गुनासा र नीतिगत विषयहरूको तथ्यपरक जवाफ दिनका लागि प्रमुख जवाफदेही वक्ताका रूपमा देहायका पदाधिकारीहरूको उपस्थिति रहेको थियोः

- **श्री मनोज लामिछानेः** प्रमुख प्रशासकीय अधिकृत, चुमनुब्री गाउँपालिका (समग्र पालिकाको बजेट, प्रशासनिक अवस्था र नीतिगत चुनौतीबारे जवाफदेही) ।
- **श्री पेमा ग्याल्पो लामाः** वडाध्यक्ष, वडा नम्बर ४, प्रोक (स्थानीय पूर्वाधार र समन्वय) ।
- **श्री कालेन छेवाङ लामाः** वडाध्यक्ष, वडा नम्बर ५, बिही (आयोजक वडाको समग्र सेवा प्रवाह) ।
- **श्री खेम कठायतः** वडा सचिव, वडा नम्बर ५ (वडास्तरीय योजना र पञ्जीकरण) ।
- अन्य विषयगत शाखा प्रमुख तथा प्राविधिक कर्मचारीहरू ।

## २.३ नागरिक सहभागिताको स्वरूप

कार्यक्रममा बिही, प्रोक र आसपासका गाउँहरूबाट समावेशी नागरिक सहभागिता रहेको थियो । कार्यक्रमलाई ओझपूर्ण बनाउन देहायका विशिष्ट व्यक्ति तथा समूहहरूको उत्साहजनक उपस्थिति थियोः

- **धार्मिक तथा सांस्कृतिक अगुवाः** ऐतिहासिक सेराङ गुम्बा र छेतन्पोक गुम्बाका प्रमुख लामा गुरुहरू तथा व्यवस्थापन समितिका प्रतिनिधिहरू ।
- **शैक्षिक व्यक्तित्वहरूः** सेराङ माध्यमिक विद्यालय लगायत स्थानीय विद्यालयका शिक्षक, प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका पदाधिकारीहरू ।
- **स्थानीय व्यवसायीहरूः** पर्यटन व्यवसायी, होटल सञ्चालक र प्रतिनिधिहरू ।
- **सामुदायिक संघ-संस्थाः** स्थानीय आमा समूह, युवा क्लब र टोल विकास संस्थाका प्रतिनिधिहरू ।
- **आम नागरिकः** गाउँपालिकाको सेवाग्राहीका रूपमा रहेका कृषक, जेष्ठ नागरिक र सर्वसाधारण ।

## २.४ कार्यक्रमको परिवेश र वातावरण

कार्यक्रम स्थलमा नागरिक र जनप्रतिनिधिबीच बिना कुनै अवरोध सीधा संवाद हुने गरी खुला बसाइ व्यवस्थापन मिलाइएको थियो । कार्यक्रमको सुरुवात पालिकाका लेखा शाखा प्रमुख रविन मिश्रको स्वागत मन्तव्यबाट भएको थियो ।

कार्यक्रम पूर्ण रूपमा लोकतान्त्रिक संस्कारमा आधारित थियो; जहाँ नागरिकले आफ्ना गुनासाहरू, जस्तै– खच्चडको आतंक, एमक्यापको अवरोध र खानेपानीको अभावलाई निर्धक्क रूपमा प्रस्तुत गरेका थिए भने गाउँपालिका नेतृत्वले त्यसलाई सहजतापूर्वक ग्रहण गर्दै जवाफ दिएको थियो । हिमाली चिसो मौसमका बाबजुद नागरिकहरू अन्त्यसम्मै कार्यक्रममा बसेर आफ्ना समस्याको समाधान खोज्न तत्पर देखिनुले स्थानीय सरकारप्रति उनीहरूको गहिरो चासो र अपनत्व प्रस्ट पारेको थियो ।

# अध्याय ३ः कार्यक्रम सञ्चालनको विधि

चुमनुब्री गाउँपालिकाले सार्वजनिक सुनुवाइलाई तथ्यपरक, वैज्ञानिक र परिणाममुखी बनाउन स्पष्ट विधि र प्रक्रिया अवलम्बन गरेको थियो। सुशासनका सर्वमान्य सिद्धान्तहरू र सामाजिक उत्तरदायित्व प्रवर्द्धन निर्देशिकाको मर्म अनुरूप यस कार्यक्रमको सञ्चालन देहाय बमोजिमका तीन मुख्य चरणहरूमा सम्पन्न गरिएको थियोः

## ३.१ पूर्व-तयारी तथा नागरिक अभिमत संकलन

कार्यक्रमलाई तथ्यमा आधारित बनाउन र नागरिकका वास्तविक भोगाइहरू बुझ्न कार्यक्रम आयोजना हुनुभन्दा अगाडि नै स्वतन्त्र तेस्रो पक्ष (सहमत मिडिया प्रा.लि.) मार्फत सामाजिक परीक्षणका दुई महत्वपूर्ण औजारहरूको प्रयोग गरिएको थियोः

**नागरिक प्रतिवेदन पत्रः** गाउँपालिका र वडाका विभिन्न टोलहरूमा पुगेर प्रतिनिधित्वमूलक नागरिकहरूलाई प्रश्नावली भराइएको थियो। यस मार्फत खानेपानी, शिक्षा, बाटोघाटो र स्वास्थ्य सेवा जस्ता आधारभूत आवश्यकताका विषयमा समग्र पालिकाको कार्यसम्पादनको मूल्यांकन गरिएको थियो।

**बहिर्गमन अभिमतः** वडा कार्यालय र स्वास्थ्य चौकी जस्ता सेवा प्रदायक निकायहरूबाट तत्काल सेवा लिएर फर्किँदै गरेका सेवाग्राहीहरूसँग स्पट इन्टरभ्यु गरी कर्मचारीको व्यवहार, सेवाको गति र प्रक्रियागत झन्झटबारे प्रत्यक्ष प्रतिक्रिया संकलन गरिएको थियो।

(यी सर्वेक्षणबाट प्राप्त नतिजाहरूलाई नै खुला छलफलको मुख्य एजेन्डा बनाइएको थियो।)

## ३.२ कार्यक्रमको चरणबद्ध सञ्चालन प्रक्रिया

सुनुवाइ कार्यक्रमलाई व्यवस्थित, मर्यादित र अन्तरक्रियात्मक बनाउन देहायका तीनवटा स्पष्ट सत्रहरू सञ्चालन गरिएका थिएः

### चरण १ः पारदर्शिता र सूचना सम्प्रेषण सत्र

सबैभन्दा पहिले, गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत मनोज लामिछाने र वडा नम्बर ५ का वडा सचिव खेम कठायतले बजेट कार्यान्वयन, राजस्व संकलन र योजनाहरूको भौतिक प्रगतिको विस्तृत रिपोर्ट प्रस्तुत गर्नुभयो। नागरिकलाई प्रश्न सोध्न सहज होस् भनेर पालिकाको वित्तीय अवस्था र एमक्यापले खडा गरेका नीतिगत जटिलताहरूलाई यसै सत्रमा पारदर्शी रूपमा सार्वजनिक गरिएको थियो।

### चरण २ः नागरिक पृष्ठपोषण र खुला प्रश्नोत्तर सत्र

यस सत्रमा सहजकर्ता प्रकाश ढकालले पूर्व-संकलित सर्वेक्षणका नतिजाहरू पढेर सुनाएपछि फ्लोर खुला गरिएको थियो। यस चरणमाः

- कुनै पनि नागरिकले निर्धक्क भएर प्रश्न, गुनासो वा सुझाव राख्न सक्ने वातावरण मिलाइएको थियो।
- प्रश्नकर्तालाई आफ्नो नाम, ठेगाना र स्पष्ट विषयवस्तु खुलाउन आग्रह गरिएको थियो।
- एकै प्रकृतिका प्रश्नहरूलाई एकीकृत गरी समूहगत रूपमा प्रस्तुत गर्ने व्यवस्था मिलाइएको थियो ताकि समयको उचित व्यवस्थापन हुन सकोस्।

### चरण ३ः जवाफदेहिता र प्रतिबद्धता सत्र

नागरिकले उठाएका प्रश्नहरूको विषयवस्तु अनुसार सम्बन्धित जिम्मेवार पदाधिकारीले तथ्यगत र तर्कपूर्ण जवाफ दिनुभएको थियो। नीतिगत विषयमा उपाध्यक्षले, प्रशासनिक तथा वित्तीय विषयमा प्रमुख प्रशासकीय

अधिकृतले र स्थानीय पूर्वाधारका विषयमा वडाध्यक्षहरूले पालैपालो जवाफ फर्काउनुभएको थियो। अन्त्यमा, समाधान हुन सक्ने विषयहरूलाई आगामी योजनामा समावेश गर्ने साझा प्रतिबद्धता सहित कार्यक्रमको समापन गरिएको थियो।

### ३.३ आचारसंहिता र स्वतन्त्र सहजीकरण

कार्यक्रमलाई स्वच्छ र मर्यादित राख्न सहमत मिडिया प्रा.लि. ले तटस्थ मध्यस्थकर्ताको भूमिका निर्वाह गरेको थियो। कार्यक्रम सुरु हुनु अगावै निम्न आचारसंहिता लागू गरिएको थियोः

- प्रश्नहरू व्यक्तिगत आरोप-प्रत्यारोपमा नभई नीति, योजना र सेवा प्रवाहमा मात्र केन्द्रित हुनुपर्ने।
- उत्तेजित नभई सभ्य भाषाको प्रयोग गर्नुपर्ने।
- एकपटक प्रश्न राखिसकेपछि पदाधिकारीको पूर्ण जवाफ सुन्न धैर्य गर्नुपर्ने।

यस वैज्ञानिक विधि र कडा आचारसंहिताको पालनाले गर्दा चुमनुब्री जस्तो दुर्गम क्षेत्रमा भएको सार्वजनिक सुनुवाइ पनि अत्यन्तै व्यवस्थित, लोकतान्त्रिक र प्रभावकारी बन्न सफल भएको थियो।

## अध्याय ४ः प्रगति विवरण (प्रस्तुतीकरण सारांश)

सार्वजनिक सुनुवाइको पहिलो सत्रमा स्थानीय सरकारले गरेका कार्यहरूको यथार्थ चित्र नागरिकसामु पारदर्शी रूपमा प्रस्तुत गरिएको थियो। यस खण्डमा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री मनोज लामिछानेले पालिकाको समग्र वित्तीय तथा भौतिक अवस्था र वडा नम्बर ५ का वडा सचिव श्री खेम कठायतले वडास्तरीय योजना र सेवा प्रवाहको प्रगति विवरण प्रस्तुत गर्नुभएको थियो। जसको मुख्य सारांश देहाय बमोजिम रहेको छः

### ४.१ आर्थिक सुशासन र ऐतिहासिक राजस्व संकलन

चुमनुब्री गाउँपालिकाले यस आर्थिक वर्षमा आन्तरिक आय र डिजिटल सुशासनमा ऐतिहासिक फड्को मारेको छ।

**राजस्वमा चमत्कारः** विगतका वर्षहरूमा मुस्किलले रु. ११ लाख उठ्ने आन्तरिक राजस्व गत वर्ष रु. २७ लाख पुगेको थियो। तर, चालु आर्थिक वर्षमा रु. १ करोड ५८ लाख राजस्व संकलनको महत्वकांक्षी लक्ष्य राखिएकोमा वैशाख महिनासम्ममै रु. १ करोड ५४ लाख ३१ हजार (९७ प्रतिशत) संकलन भइसकेको छ।
**डिजिटल रूपान्तरणः** यो सफलता गाउँपालिकाले पूर्ण रूपमा अनलाइन राजस्व प्रणाली र क्युआर कोड भुक्तानी सेवा लागू गरेका कारण सम्भव भएको हो, जसले राजस्व चुहावटलाई शून्यमा झारेको छ। वडा नम्बर ५ बाट मात्रै मालपोत लगायतका शीर्षकमा रु. १ लाख ३४ हजार ५४८ संकलन भएको छ।

### ४.२ बजेट खर्च र भौतिक पूर्वाधार विकास

विकास निर्माणलाई तीव्रता दिँदै पालिकाले बजेटको सन्तुलित कार्यान्वयनलाई अगाडि बढाएको छः

**समग्र बजेट स्थितिः** चालु आर्थिक वर्षका लागि कुल रु. ४७ करोड ४९ लाख बजेट विनियोजन गरिएको छ ( चालुतर्फ २८ करोड र पुँजीगततर्फ १९ करोड ३१ लाख) । हालसम्म समग्र बजेटको ३१.३९ प्रतिशत खर्च भइसकेको छ भने १४८ वटा योजनामध्ये २५ वटा पूर्ण रूपमा सम्पन्न भइसकेका छन् ।

**वडा नं. ५ का मुख्य योजनाहरूः** वडामा सञ्चालित १२ वटा योजनामध्ये ४ वटा सम्पन्न र ७ वटा निर्माणाधीन छन् । जसमाः

- लाङ्लाङदेखि सेराङ गुम्बा पिसिसी बाटोः रु. २० लाख लागत (सम्पन्न) ।
- क्यारखुलिङ गुम्बा किचन निर्माणः रु. १० लाख लागत (सम्पन्न) ।
- इरु गुम्बा निर्माणः रु. ३५ लाख लागत (निर्माणाधीन) ।
- बिही स्वास्थ्य चौकी मर्मतः रु. ५ लाख लागत (निर्माणाधीन) ।

### ४.३ पर्यटन राजस्वको क्यास ब्याक मोडल र सम्पदा संरक्षण

गाउँपालिकाले विदेशी पर्यटकबाट रु. १००० र स्वदेशी पर्यटकबाट रु. २०० प्रवेश शुल्क लिने नीति लागू गरेको छ। यसरी संकलित रकमलाई प्रशासनिक खर्चमा नलगाई सोझै पर्यटन प्रवर्द्धनमै लगानी गर्ने क्यास ब्याक मोडल अपनाइएको छ। हालसम्म करिब रु. ३ करोड २० लाख बजेट पर्यटक हिँड्ने पदमार्गको स्तरउन्नति, रेलिङ निर्माण र गुम्बाहरूको संरक्षणमा मात्रै खर्च गरिएको छ।

### ४.४ सामाजिक विकास तथा सेवा प्रवाह

**बैंकिङ प्रणालीबाट भत्ताः** भौगोलिक रूपमा अत्यन्तै विकट भए तापनि पालिकाले रु. ३ करोड ३३ लाख बराबरको सामाजिक सुरक्षा भत्ता बैंकिङ प्रणालीमार्फत नागरिकको हात-हातमा पुऱ्याएको छ।

**स्वास्थ्य सेवाः** पालिकाका सबै स्वास्थ्य चौकीहरूमा बर्थिङ सेन्टर (प्रसूति गृह) सञ्चालनमा ल्याइएको छ, जसले मातृ तथा शिशु मृत्युदर घटाउन महत्त्वपूर्ण भूमिका खेलेको छ।

**पञ्जीकरणः** वडा नम्बर ५ मा मात्र यस अवधिमा १९ वटा नयाँ व्यक्तिगत घटना दर्ता विधिवत रूपमा सम्पन्न भएका छन् ।

### ४.५ विकासमा देखिएका नीतिगत चुनौतीहरू

प्रगति विवरण प्रस्तुत गर्ने क्रममा पालिकाको विकासमा सबैभन्दा ठुलो नीतिगत तगारोका रूपमा मनास्लु संरक्षण क्षेत्र आयोजना रहेको तथ्य सार्वजनिक गरियो ।

निकुञ्जको कडा नियम र वातावरणीय प्रभाव मूल्यांकनको प्रक्रियागत झन्झट देखाउँदै एमक्यापले बाटो खन्न र काठ काट्न रोक लगाएको छ ।

यही अवरोधका कारण फिलिम-लार्के सडक निर्माणका लागि विनियोजित रु. १ करोड २५ लाख बजेट फ्रिज हुने अवस्थामा पुगेको छ। यसले पालिकाको पुँजीगत खर्चमा मात्र नभई स्थानीय नागरिकको विकासको चाहनामा समेत गम्भीर ठेस पुऱ्याएको विषयलाई प्रगति प्रतिवेदनमा गम्भीरतापूर्वक उठाइएको थियो ।

# अध्याय ६ः खुला छलफल (विस्तृत प्रश्नोत्तर)

***कार्यक्रमको सबैभन्दा महत्वपूर्ण सत्रमा नागरिकहरूले राखेका जिज्ञासा र जवाफदेही वक्ता (उपाध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत) ले दिएको जवाफको सारांशः***

| क्र.सं. | नामथर | प्रश्न वा जिज्ञासा | जवाफदेहीको जवाफ |
|---|---|---|---|
| **१.** | **पवन कुमार लामा ( सेराङ मा.वि.)** | ➢ विद्यालयमा शिक्षक दरबन्दीको चरम अभाव छ, पढाउन निकै गाह्रो भयो । तत्काल २ जना शिक्षकको व्यवस्था गरिदिनुपर्‍यो । साथै, विद्यालयको खेलमैदान र विव्यसको विवाद कसरी मिल्छ ? | ➢शिक्षाको गुणस्तर सुधार पालिकाको पहिलो प्राथमिकता हो । अपुग शिक्षकका लागि आगामी गाउँसभाबाट बजेट विनियोजन गरी पालिकाकै स्रोतबाट स्वयंसेवक शिक्षक व्यवस्थापन गरिनेछ । खेलमैदानको लागि हेरेर समाधान गरौंला । |
| **२.** | **ओर्केन लामा** | ➢ स्कुलमा गणित र विज्ञानको शिक्षक अभाव भयो । माग गर्दा पनि सुनुवाइ भएन । | ➢मागका आधारमा शिक्षा उपलब्ध गराउने हाम्रो योजना छ । शिक्षक दरबन्दी सोही अनुसार मिलाउँदै छौं । |
| **३.** | **कर्मा लामा** | ➢ क्र्‍याकमा खानेपानीको ठुलो हाहाकार छ । गाउँमा धारा त बनेका छन्, तर मुहान सुकेर पानी आउँदैन । हामीले कहिलेसम्म काकाकुल भएर बस्ने ? | ➢ पहिरो र मुहान सुकेका कारण पुराना खानेपानी योजना प्रभावित भएको साँचो हो । आगामी आर्थिक वर्षको बजेटमा डिपिआर बनाएर नयाँ मुहानबाट पानी ल्याउने योजना सुनिश्चित गरिनेछ । |
| **४.** | **छिरिङ खाण्डो लामा** | ➢ स्वास्थ्य चौकीमा डाक्टर र आवश्यक औषधिको अभाव छ । बिरामी पर्दा निकै गाह्रो हुन्छ । घाँटीमा अड्डी अड्किएको विरामीलाई पनि उपचार दिन सकिएन । कुनै विकल्प छैन ? पायक पर्ने ठाउँमा एउटा अस्पताल बनाउन पाए हुन्थ्यो । | ➢ सबै स्वास्थ्य चौकीमा अहिले बर्थिङ सेन्टर सञ्चालनमा ल्याइसकेका छौं । अस्पताल पनि आवश्यक छ तर, स्रोत नपुग्न सक्छ । आगामी गाउँसभामा सल्लाह गरौंला । मिलेसम्म अस्पताल बनाउने कुरामा पालिका परिवार गम्भिर छ । |
| **५.** | **टासी ग्याल्जेन लामा** | ➢ खच्चडको जथाभावी हिँडाइले गर्दा बाटो पूरै हिलाम्मे र भत्किएको छ । मान्छे हिँड्नै नसक्ने अवस्था छ । अहिले बाटो स्तरोन्नती गर्न लाग्दा खच्चड ड्राइभरले अवरोध गरेका छन् । यसलाई नियमन गर्न पालिकाले के गर्दैछ ? यसो नगर न भन्यो भने उल्टै धम्की दिने गरिएको छ, सम्बन्धितलाई कारबाही होस् । | ➢ खच्चड यो क्षेत्रको ढुवानीको मुख्य आधार भए पनि बाटो बिगारेको सत्य हो । यसको व्यवस्थापनका लागि वडास्तरबाटै रोटेसन प्रणाली कडाइका साथ लागू गर्नुपर्छ । तुरुन्तै सूचना निकालेर काम पनि नरोकिने, व्यवसायमा पनि असर नपर्ने गरी काम गर्छौं । अटेर गरे प्रशासनबाट थप सुरक्षा लिएर भएपनि कामलाई रोक्दैनौं । नागरिकको सुरक्षामा हामी सचेत छौं । यो काम छिटै हुन्छ । |
| **६.** | **पाल्साङ लामा** | ➢ गुम्बामा पढ्ने विद्यार्थीहरूको लागि आधुनिक शिक्षा आवश्यक | ➢ गाउँपालिकाले शिक्षालाई प्राथमिकतामा राखेको छ । सेराङ लगायतका विद्यालयमा |

| | | | |
|---|---|---|---|
| | | छ । विद्यालयमा १० कक्षासम्म पढाइ हुने भए पनि शिक्षकको अभाव छ । दरबन्दीका शिक्षकको व्यवस्थापन कसरी हुन्छ ?<br>➢ सडक बनेपछि यो ठाउँमा पनि पर्यटक घट्न थाल्छन् । नयाँ गन्तब्यको खोजीमा पालिका अहिलेदेखि नै लाग्नुपर्ने छ । मनास्लु हिमाल, सेराङ र काल ताललाई जोडेर नयाँ पर्यटकीय पदमार्ग बनाउने योजना के छ ?<br>➢ गाउँमा बिरामी पर्दा हेलिकोप्टर रेस्क्यु धेरै महँगो छ, जनताले तिर्न सक्दैनन् । यसमा पालिकाले सहुलियत दिने वा समन्वय गर्ने केही योजना छ ? | शिक्षक दरबन्दी र व्यवस्थापनको विषयमा पालिका उपाध्यक्षज्यूको पहलमा छलफल भइरहेको छ र यसलाई छिट्टै सम्बोधन गरिनेछ ।<br>➢ वैकल्पिक पदमार्गको रूपमा सेराङ गुम्बा र काल ताललाई पर्यटकीय गन्तव्य बनाउने कुरा अत्यन्तै महत्वपूर्ण छ । पालिकाले यसलाई गम्भीरतापूर्वक लिएर पर्यटन प्रवर्द्धनको योजनामा समावेश गर्नेछ ।<br>➢ पहिले गृह मन्त्रालयबाट अनुमति लिनुपर्ने झन्झट थियो, अहिले प्रमुख जिल्ला अधिकारीबाटै अनुमति मिल्ने व्यवस्थाले एक स्टेप सजिलो भएको छ । सुत्केरी महिलाहरूको उद्धार महिला तथा बालबालिका मन्त्रालयको बजेटबाट निःशुल्क हुन्छ । तर अन्य बिरामीको हकमा पालिकाले ५०/५० प्रतिशत व्यहोर्न सक्छ । यसको लागि कार्यविधि बनाएर कार्यान्वयन गरौं । |
| ७. | **छिरिङ दोर्जे** | ➢ हाम्रो ड्याङ गाउँमा पनि मुहान सुकेर खानेपानीको उस्तै चरम समस्या छ । योजना कहिले पर्छ ? पालिकाले के योजना बनाएको छ ? | ➢ ड्याङ गाउँको खानेपानी समस्या हामीले नोट गरेका छौं । यसलाई पालिकाको प्राथमिकता सूचीमा राखेर योजना बनाउछौं । जनताका समस्याबारे हामी संवेदनशील छौं । आगामी वर्ष काम गर्छौं । |
| ८. | **कुन्साङ लामा** | ➢ पालिकाले पिएनको लागि निवेदन माग्यो । मैले परीक्षा पनि दिएँ । तर, नाम निस्किने बेला आवेदन दिएका कसैको पनि निस्किएन । यसको कारण के हो ? हामीलाई किन दुख मात्रै दिएको ? | ➢ पिएनका लागि परीक्षा लिइएको थियो । पास हुनका लागि कम्तिमा ४० नम्बर ल्याउनुपर्ने थियो । ४० नम्बर चारैजनाले ल्याउनुभएन । त्यसपछि त्यो परीक्षा रद्द गरेर पुनः आवेदन खोलेका छौं । तपाईंहरुलाई त्यसै फालेको होइन, परीक्षामा फेल भएका कारण फालिएको हो । |
| ९. | **कुछाङ लामा** | ➢ राना र ड्याङ गाउँमा धेरैजसो घरहरूमा शौचालय छैन । यो एउटा पर्यटकीय क्षेत्र भएकाले बाटोमा हिँड्ने पर्यटकहरूलाई पनि धेरै असुविधा हुने गरेको छ । विगतमा शौचालय बनाउनको लागि केही सहयोग आएको | ➢ शौचालयको समस्या वास्तवमै गम्भीर हो र यसले हाम्रो पर्यटन क्षेत्रमा पनि नकारात्मक असर पारिरहेको छ । हामीले यस विषयमा गम्भीरतापूर्वक सोचिरहेका छौं । व्यक्तिगत घरमा शौचालय बनाउन गाउँपालिकाले मात्रै बजेट छुट्याएर सम्भव नहुन सक्छ किनकि यसका लागि धेरै ठूलो रकम |

| | | | |
|---|---|---|---|
| | | थियो तर त्यो पर्याप्त भएन। त्यसैले, यो समस्यालाई गाउँपालिकाले कसरी समाधान गर्न सक्छ ? | आवश्यक पर्छ। तर, हामीले समन्वय गरेर यस विषयमा काम गर्न सक्छौं। यसबाहेक, समुदायले पनि यसमा आफ्नो तर्फबाट केही योगदान गर्नुपर्ने हुन्छ। |

# अध्याय ७ः विश्लेषण तथा निष्कर्ष

आर्थिक वर्ष २०८२/०८३ को सार्वजनिक सुनुवाइमा प्रस्तुत गरिएका प्रगति विवरण, नागरिक सर्वेक्षणका तथ्यांक र खुल्ला छलफलमा उठेका सवालहरूलाई सूक्ष्म रूपमा विश्लेषण गर्दा चुमनुब्री गाउँपालिकाको वर्तमान अवस्था, सुशासनको स्तर र आगामी चुनौतीहरूको स्पष्ट चित्र देहाय बमोजिम पहिचान गरिएको छः

## ७.१ सबल पक्षहरू

- **आर्थिक सुशासन र राजस्वमा ऐतिहासिक फड्कोः** विगतका वर्षहरूमा रु. ११ लाखमा सीमित रहेको आन्तरिक राजस्वलाई अनलाइन र क्युआर कोड प्रविधिमार्फत रु. १ करोड ५४ लाख (९७ प्रतिशत) पुऱ्याउनु पालिकाको सबैभन्दा ठुलो वित्तीय सफलता हो। यसले चुमनुब्रीमा चुहावटमुक्त डिजिटल सुशासन स्थापित भएको प्रमाणित गर्छ।
- **पर्यटन राजस्वको क्यास-ब्याक मोडलः** पर्यटकबाट उठाइएको शुल्कलाई प्रशासनिक खर्चमा नभई शतप्रतिशत पदमार्ग निर्माण, रेलिङ र गुम्बा संरक्षणमा लगानी गर्नु स्थानीय स्रोत परिचालनको उत्कृष्ट र पारदर्शी नमुना हो।
- **सामाजिक सुरक्षामा पहुँचः** अत्यन्तै विकट भूगोल भए तापनि बैंकको शाखा मार्फत रु. ३ करोड ३३ लाख सामाजिक सुरक्षा भत्ता नागरिकको हात-हातमा पुऱ्याइनु र सबै स्वास्थ्य चौकीमा बर्थिङ सेन्टर सञ्चालन हुनु राज्यको बलियो उपस्थिति हो।

## ७.२ चुनौतीपूर्ण पक्षहरू

- **एमक्याप को नीतिगत तगारो र बजेट फ्रिजः** मनास्लु संरक्षण क्षेत्र आयोजनाको कडा नीति र IEE/EIA को प्रक्रियागत झन्झटका कारण फिलिम-लार्के सडक लगायतका ठुला पूर्वाधार निर्माणमा गम्भीर अवरोध उत्पन्न भएको छ। रु. १ करोड २५ लाख बजेट फ्रिज हुने अवस्था आउनु विकासको बाटोमा सबैभन्दा ठुलो कानुनी चुनौती हो।
- **जलवायु परिवर्तन र खानेपानी संकटः** क्याक र ड्याङ गाउँमा मुहानहरू सुक्दै जानुले हिमाली भेगमा जलवायु परिवर्तनको प्रत्यक्ष असर परेको देखाउँछ। यसले गर्दा पुराना खानेपानी योजनाहरू असफल भई नयाँ प्रविधि (लिफ्टिङ) मा जानुपर्ने प्राविधिक तथा आर्थिक दबाब बढेको छ।
- **परम्परागत यातायात (खच्चड) र पूर्वाधारको द्वन्द्वः** दैनिक उपभोग्य सामग्री ढुवानीको भरपर्दो विकल्प खच्चड नै भए पनि यसको अव्यवस्थित आवतजावतले पदमार्गहरू हिलाम्मे र भताभुंग भएका छन्। पूर्वाधार संरक्षण र ढुवानीको आवश्यकता बीच सन्तुलन कायम गर्नु अर्को व्यवस्थापकीय चुनौती हो।

### ७.३ निष्कर्ष

चुमनुब्री गाउँपालिकाको यस सार्वजनिक सुनुवाइले संघीयताको वास्तविक अभ्यासलाई चरितार्थ गरेको छ। सडक सञ्जालले नछोएको र अत्यन्तै कठीन भूगोलमा अवस्थित भएर पनि स्थानीय सरकारले नागरिकको घरदैलोमै पुगेर (वडा नं. ५, बिही) राज्यको दोहोरो संवाद स्थापित गर्नु सुशासनप्रतिको उच्च प्रतिबद्धता हो। शतप्रतिशत नागरिकले सेवा लिँदा घुस वा अतिरिक्त शुल्क तिर्नु नपरेको तथ्यले पालिकाको प्रशासनिक इमानदारीलाई उचाइमा पुऱ्याएको छ। यद्यपि, पालिकाको विकासमा भौगोलिक विकटताभन्दा पनि एमक्यापले सिर्जना गरेका नीतिगत र संरचनागत जटिलताहरू मुख्य बाधक बनेको निष्कर्ष निकाल्न सकिन्छ। आगामी दिनमा खच्चड व्यवस्थापनमा रोटेसन प्रणाली कडाइका साथ लागू गर्दै माथिल्ला सरकारसँगको समन्वयमा एमक्याप सँगको कानुनी उल्झन सुल्झाउन सकेमा चुमनुब्री गाउँपालिका समृद्ध, सुशासित र नेपालकै उत्कृष्ट पर्यटकीय गन्तव्य बन्ने कुरामा दुईमत छैन। सुनुवाइमा नागरिकले देखाएको सचेतना र नेतृत्वले प्रस्तुत गरेको जवाफदेहिताले यही सकारात्मक भविष्यको संकेत गर्दछ।

## अध्याय ८ः सुझावहरू

सार्वजनिक सुनुवाइको दौरानमा प्राप्त जनअभिमत र खुला छलफलमा उठेका गम्भीर सवालहरूलाई आधार मान्दै, चुमनुब्री गाउँपालिकाको सेवा प्रवाह, पूर्वाधार विकास र सुशासनलाई थप प्रभावकारी बनाउन देहाय बमोजिमका रणनीतिक तथा नीतिगत सुझावहरू प्रस्तुत गरिएको छः

### १. एमक्यापसँगको नीतिगत जटिलता समाधानार्थ उच्चस्तरीय कूटनीति

**सुझावः** मनास्लु संरक्षण क्षेत्र आयोजना को IEE/EIA को झन्झटका कारण फिलिम-लार्के सडक लगायतका ठुला आयोजनाको करोडौं बजेट फ्रिज हुने अवस्था अन्त्य गर्नुपर्छ। यसका लागि गाउँपालिकाले स्थानीय सरकारको विशेषाधिकार प्रयोग गर्दै संघीय वन तथा वातावरण मन्त्रालय र राष्ट्रिय निकुञ्ज विभागमा पालिका अध्यक्षकै नेतृत्वमा उच्चस्तरीय डेलिगेसन (प्रतिनिधिमण्डल) पठाएर नीतिगत तगारो तत्काल फुकाउन पहल गरियोस्।

### २. रोटेसन प्रणाली सहितको कडा खच्चड व्यवस्थापन गरी विकास

**सुझावः** खच्चडका कारण बिग्रिएको पदमार्ग र विकास निर्माणलाई गति दिन वडास्तरबाट खच्चडलाई रोटेसन प्रणाली लागू गरियोस्। हप्तामा ३ दिन खच्चड चलाउने र बाँकी ३ दिन बाटो सुक्न तथा मर्मत गर्न खच्चड पूर्ण रूपमा बन्द गर्ने (रोटेसन प्रणाली) कडाइका साथ कार्यान्वयन गरियोस्। नियम तोड्ने व्यवसायीलाई भारी जरिवाना वा कारबाही गर्ने व्यवस्था मिलाइयोस्।

### ३. शिक्षामा दरबन्दी पुनर्संरचना

**सुझावः** सेराङी हिमाल मा.वि. मा देखिएको जस्तो शिक्षक दरबन्दी समस्या तुरुन्त हटाइयोस्। मा.वि. तहका लागि आवश्यक विज्ञान र गणितका शिक्षकहरू पालिकाको आन्तरिक स्रोतबाट भए पनि तत्काल नियुक्त गरियोस्।

### ४. दीर्घकालीन खानेपानी आयोजना

**सुझावः** ऋ्याक र ड्याङ लगायत गाउँमा मुहान सुकेर देखिएको खानेपानीको हाहाकारलाई क्राइसिस (संकट) का रूपमा लिई आगामी बजेटमा सम्बोधन गरियोस्। परम्परागत मुहान खोजी गर्ने वा बैकल्पिक व्यवस्था गरी गाउँमा पानी पुऱ्याउने योजनाको विस्तृत परियोजना प्रतिवेदन तत्काल तयार गरियोस्।

**५. पदमार्गमा पर्यटनमैत्री सरसफाइ र सार्वजनिक शौचालय**

**सुझावः** गाउँगाउँमा शौचालय समस्यालाई नमुनाका रुपमा मानी मनास्लु पदमार्गमा पर्ने राना, बिही लगायतका मुख्य विश्रामस्थलहरूमा सुविधायुक्त सार्वजनिक शौचालय निर्माण गरियोस् । साथै ति गाउँका घरहरुमा समेत अनिवार्य शौचालय निर्माणको नीतिलाई कडाइका साथ कार्यान्वयन गरियोस् । अहिलेको अवस्थामा समेत शौचालय नहुनु लज्जाजनक विषय भएकोले तत्काल सम्बोधन गरियोस् ।

**६. क्यास-ब्याक मोडलको ब्रान्डिङ र पारदर्शिता**

**सुझावः** पर्यटकबाट उठाइएको शुल्कबाट संकलित र पालिकाले लगानी गरेको समेत ३ करोड २० लाख रुपैयाँ पदमार्ग र गुम्बा निर्माणमा खर्च भएको उत्कृष्ट अभ्यासलाई पालिकाको वेबसाइट र सूचना पाटीमार्फत क्यास-ब्याक पर्यटन मोडलको रूपमा ब्रान्डिङ गरियोस् । कुन पदमार्गमा कति खर्च भयो भन्ने डिजिटल होर्डिङ बोर्डहरू बाटोमै राख्दा पर्यटक र नागरिक दुवैमा सकारात्मक सन्देश जानेछ ।


**७. स्वास्थ्य संस्थामा पूर्वाधार बमोजिमको जनशक्ति**

**सुझावः** बर्थिङ सेन्टर र स्वास्थ्य चौकीका भवनहरू निर्माण भए पनि जनशक्ति र औषधिको अभाव रहेको गुनासोलाई गम्भीरतापूर्वक लिइयोस् । भौतिक पूर्वाधार सम्पन्न भएका स्वास्थ्य संस्थाहरूमा अनलाइन प्रणालीबाटै विशेषज्ञ डाक्टरको सल्लाह लिन सकिने (Tele–medicine) सेवाको सुरुवात गरियोस् ।

# अध्याय ८ः अनुसूचीहरु

## अनुसूची १

**सार्वजनिक सुनुवाइ कार्यक्रम सम्बन्धी सूचना**



"दिगो विकास अनुपम सँस्कृति, उन्नत पर्यटन समृद्ध चुमनुब्री

चुमनुब्री गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

सिर्दिबास, गोरखा

पत्र संख्या :२०८२/८३ गण्डकी प्रदेश ,नेपाल

चलानी नं : ६०२

मिति :- २०८३/०१/११

ने.सं. ११४६ बछलाथ्वा अष्टमी, शुक्रबार

श्री ...................................

..............................

**विषय: सार्वजनिक सुनुवाई कार्यक्रममा सहभागी हुने सम्बन्धमा ।**

प्रस्तुत बिषयमा यस चुमनुब्री गाउँपालिकाको आ व २०८२।८३ को दोश्रो चौमासिकको पालिका स्तरिय सार्वजनिक सुनुवाई कार्यक्रम देहायको मिति, समय र स्थानमा हुन गईरहेकोले तपाईको गरिमामय उपस्थितीको लागि निर्णयानुसार अनुरोध छ ।

मिति : २०८३ वैशाख २० गते ।

समय : बिहान १०:०० बजे देखि ।

स्थान : चुमनुब्री गाउँपालिका, ५ नं वडा कार्यालयको सभाहल, बिहि ।

मनोज लामिछाने

प्रमुख प्रशासकीय अधिकृत

## अनुसूची २

### सार्वजनिक सुनुवाई कार्यक्रममा पालना गर्नुपर्ने आचारसंहिता

१ सहभागीले बोल्नका लागि हात उठाएर संकेत गर्नुपर्नेछ।
२ सहभागीले प्रश्न वा सुझाव के राख्ने हो, पहिले स्पष्ट गर्नुपर्नेछ।
३ सहजकर्ताले बोल्ने संकेत गरेपछि मात्र आफ्नो नाम सहित प्रश्न वा जिज्ञासा राख्नुपर्नेछ।
४ सेवाग्राही सहभागी नागरिकहरु धैरैलाई प्रश्न गर्न समय दिनुपर्ने भएकाले बुदागत रुपमा छोटकरिमा प्रश्न प्रतिक्रिया राख्नुपर्नेछ र सहजकर्ताले निर्धारण गरेको समय बितेपछि तत्काल प्रस्तुति रोक्नुपर्नेछ।
५ आफूभन्दा पहिलेका सहभागीले बोलेका कुरालाई दोहोऱ्याउन जरुरी हुनेछैन।
६ चित्त नबुझेमा सहजकर्ताको अनुमति लिएर थप प्रश्न राख्न पाइनेछ।
७ सहभागीले बिना आधार कसैप्रति लाञ्छनायुक्त भाषाको प्रयोग गर्न पाइने छैन।
८ सुनुवाइका वक्ता तथा सहभागीलाई उत्तेजित पार्ने वा बदलाको भावनाबाट भनाइ राख्न वा बोल्न पाइने छैन।
९ सुनुवाइलाई बिथोल्ने प्रयास कतैबाट भएमा सबै सहभागी मिलेर शालीनतापूर्वक समाधान खोज्ने पहल गर्नु सबैको कर्तव्य हुनेछ।
१० सुनुवाइलाई विषयान्तर हुन बाट सबै सहभागि सचेत हुनु पर्नेछ।

## अनुसूची ३

### बहिर्गमन अभिमत र नागरिक प्रतिवेदन

बहिर्गमन अभिमत (Exit Poll)

चुमनुब्री गाउँपालिका कार्यालय र विभिन्न वडा कार्यालयबाट सेवा लिएर निस्किँदै गरेका सेवाग्राहीसँग सोधेर तयार गरिएको बहिर्गमन अभिमत-सहभागी संख्या २५ जना।

**१. कार्यालयमा देहायको कुन कामको लागि आउनु भएको हो ?**

| | |
|---|---|
| सिफारिस लिन/पुऱ्याउन | ३६ प्रतिशत |
| दर्ता/नविकरण | १२ प्रतिशत |
| योजनाको मुल्यांकन गराउन | १६ प्रतिशत |
| अनुदानका लागि निवेदन पेस गर्न | ८ प्रतिशत |
| भुक्तानी लिन | १२ प्रतिशत |
| कर तिर्न | १६ प्रतिशत |
| अन्य | २४ प्रतिशत |

**२. सेवा लिन को सँग सम्पर्क गर्ने भन्नेमा तपाईलाई स्पष्ट जानकारी भयो ?**

| अति स्पष्ट | ठीकै | अस्पष्ट |
|---|---|---|
| २० प्रतिशत | ७६ प्रतिशत | ४ प्रतिशत |

**३. सेवाप्रदायक कर्मचारीले तपाईको आवश्यकता र अपेक्षा कति बुझे जस्तो लाग्यो ?**

| अति धेरै | ठीकै | थोरै |
|---|---|---|
| ७२ प्रतिशत | २० प्रतिशत | ८ प्रतिशत |

**४. तपाई प्रति सेवाप्रदायक कर्मचारीले कस्तो व्यवहार गरे ?**

| मिलनसार र मैत्रीपूर्ण | ठीकै | अभद्र/अमर्यादित |
|---|---|---|
| ९२ प्रतिशत | ८ प्रतिशत | ० प्रतिशत |

**५. सेवा प्राप्त गर्न आवश्यक सूचनाहरु (प्रमाण–कागजात र शुल्क–दस्तुर) बारे तपाईलाई सेवाप्रदायक कर्मचारीले स्पष्ट गरे कि ?**

| अति स्पष्ट गरिदिए | ठीकै | अलमल्ल हुने गरी अस्पष्ट सूचना दिए |
|---|---|---|
| २० प्रतिशत | ६८ प्रतिशत | १२ प्रतिशत |

**६. तपाईले राख्नुभएका समस्यालाई के–कस्तो समाधान दिए ?**

| अति सजिलो तरिकाबाट समाधान दिए | ठीकै | समाधान दिन सकेनन् |
|---|---|---|
| ६४ प्रतिशत | २८ प्रतिशत | ८ प्रतिशत |

**७. सेवा प्राप्त गर्न अपनाइएको प्रक्रिया के–कस्तो लाग्यो ?**

| अति सजिलो (छोटो) | ठीकै | लामो र झन्झटिलो |
|---|---|---|
| २० प्रतिशत | ५६ प्रतिशत | २४ प्रतिशत |

**पालिकाले गरेका कुनकुन कुरा राम्रो लाग्यो र के कुरा सुधार गर्नुपर्ने देखियो ?**

**राम्रा लागेका कुराहरु**

१. विगतमा हाकिम र कर्मचारीहरु महिनौंसम्म गाउँ छोडेर सदरमुकाम वा काठमाडौं बस्ने परिपाटी रहेकोमा अहिले त्यसमा सुधार आएको छ।

२. विगतमा फोटोको भरमा योजनाको फरफारक गर्ने गरिएको थियो, अहिले जनप्रतिनिधि र कर्मचारी आफैं फिल्डमा पुगेर योजनाहरुको अनुगमन गरिरहेका छन् ।

३. जगत लगायत ठाउँमा अंग्रेजी माध्यमबाट पठनपाठन हुँदा विद्यार्थीहरु सहर पस्ने क्रम केही रोकिएको छ। माथिल्ला क्षेत्रका विद्यालयमा पनि विद्यार्थीको संख्या बढेको छ।

४. सिजन अनुसार विउ विजन र मल वितरण भैरहेको छ। पशुमा पनि आवश्यक अनुदान र सहयोग पाइएको छ।

५. कहिलेकाहीं स्वास्थ्य शिविरहरु गरेर स्वास्थ्य जाँच गरिएको छ। विरामीले गाउँबाटै उपचार पाएका छन् ।

६. गाउँगाउँमा विकास निर्माणका काम भैरहेका छन् । पहिले भन्दा धेरै सुधार भएको छ।

**सुधार गर्नुपर्ने सुझावहरु**

१. गाउँपालिकाले फिलिम लार्केपास पदमार्ग स्तरोन्नती गर्दा गाउँबाट लैजानुपर्नेमा गाउँ छोडेर गरेको राम्रो भएन । पर्यटक गाउँ नपसी जान थाले ।

२. पदमार्ग निर्माण गर्दा खच्चड व्यवसायीले अवरोध गर्दा समयमा काम गर्न सकिएन। पालिका र वडालाई जानकारी गराउँदा पनि सुनुवाइ भएन ।

३. गाउँपालिका अध्यक्ष प्रायः गाउँमा नबस्ने र बाहिर जाँदा उपाध्यक्षलाई कार्यवाहक अधिकार नदिने परिपाटी छ। धेरै पटक पालिका अध्यक्ष नभेटिएर फर्किनुपरेको छ। यसले गर्दा जनताको काम र दैनिक सेवा प्रवाहमा समस्या भयो, आगामी दिनमा सुधार होस् ।

४. जनसंख्या घट्दै गएको र दैनिक सेवाग्राहीको चाप न्यून रहेको सिर्दिबासमा करोडौं खर्च गरेर किन भड्किलो प्रशासनिक भवन बनाइँदैछ ? यसबारे पालिकाले पुनर्बिचार गरोस् ।

५. बजेट तथा योजना तर्जुमा गर्दा नागरिकको सहभागिता खासै हुँदैन। जनतालाई कहाँ के बजेट परेको छ भन्ने पनि थाहा हुँदैन। केही टाठाबाठा र अध्यक्ष, वडाध्यक्षहरु मात्र बसेर बजेट पर्छन्। यो प्रथा अन्त्य होस् ।

६. हाम्रो पालिका चीनसँग सिमाना जोडिएको छ। नेपालका अरु पालिकाहरुले दूतावास वा सरकारसँग समन्वय गरेर ठूला अनुदान र बजेट ल्याउने काम गरेका छन् । हाम्रो नेतृत्व किन चुक्यो ?

७. योजनाहरुमा वडाध्यक्षहरुले आफ्ना मान्छे मात्र राख्ने र हरेक वर्ष एउटै व्यक्ति मात्र उपभोक्ता समितिमा दोहोरिने गरेका छन् । आगामी दिनमा सच्याइयोस् ।

८. उपभोक्ता समितिले जिम्मा लिने तर काम चाहिँ अघोषित ठेकेदारले गर्ने परिपाटी छ। ठेकेदारले योजनामा घाटा भयो भन्दै काम लगाएका कामदारलाई तोकेको भन्दा निकै कम ज्याला दिएको छ। पालिकाले अनुगमन गरेर यस्तो श्रम शोषण गर्नेलाई कारबाही होस् ।

९. योजनाहरुको दररेट नमिल्दा उपभोक्ता समितिको ढाड सेकिएको छ। पालिकाको भुगोल हेरेर अझै दररेट परिमार्जन गरियोस् । साथै, निर्माण सामग्रीमा भएको अप्रत्यासित मुल्य बृद्धीका कारण कामै गर्न नसक्ने अवस्था भएको छ। यसबारे पालिकाको धारणा के छ ?
१०. प्रदेश र संघ सरकारले छेकम्पारमा खन्न थालेको बाटोको अवस्था के छ ? तलबाट जाने बाटोको यस्तो हालत छ, सीधै माथि खन्नुपर्ने कारण के हो ?
११. गाउँमा परेका योजनाको उपभोक्ता समितिमा बस्ने मान्छे पाउनै गाह्रो छ। बल्ल बल्ल बनेको समितिले गरेको काममा पनि इन्जिनियरले स्टिमेट अनुसार विल बनाइदिँदैनन् । घाटा लाग्ने अवस्था छ, सुधार होस् ।
१२. पालिकामा रहेका स्थानीय शिक्षकहरु पढाउन भन्दा विवाह, व्रतबन्ध, यार्सागुम्बा टिप्न र भेडा चराउन व्यस्त भए । धेरै दिनसम्म विद्यालयमा अनुपस्थित हुने गरेका छन् । उनीहरुमाथि के कारबाही हुन्छ ?
१३. पालिकाको आफ्नै स्थानीय शिक्षा नियमावली बनेको छैन। वर्षौंदेखि एउटै विद्यालयमा जरो गाडेर बसेका शिक्षकहरुलाई पालिका भित्रै आन्तरिक सरुवा गर्ने योजना सुरु गरियोस् ।
१४. किसानले फलाएको स्याउले बजार नपाएर कुहिएर गइरहेको छ। स्याउलाई कोल्ड स्टोरमा राख्ने वा जुस, जाम, सुकुटी बनाउने उद्योग स्थापना गर्न पालिकाले पहल गरिदिनुपर्‍यो । त्यस्तो योजना छ कि छैन ।
१५. किसानले उत्पादन गरेका कृषि उपजलाई बजार सम्म पुर्‍याउन पालिकाले ढुवानीमा अनुदान दिने व्यवस्था गरिदिनुपर्‍यो । नत्र उत्पादन गरेर मूल्य पाउने अवस्था छैन ।
१६. देवल गाउँलाई पहिरोका कारण स्थानान्तरण गर्नुपर्ने निर्णय धेरै पहिला भएको हो । अहिलेसम्म गाउँलेहरु जोखिम मोलेरै गाउँमा बसिरहेका छन् । अहिले पनि पालिकाले बस्ती सार्ला भनेको, त्रिपाल थमाएर पठायो । स्थानान्तरणको योजना के छ ?
१७. सीमा जोडिएका पालिकालाई सहयोग कार्यक्रम अन्तर्गत चीनले दिएको पालिकाको डोजर एक वर्षदेखि बिग्रिएर थन्किएको छ ? यसलाई मर्मत गरेर चलाउने हो कि त्यत्तिकै फाल्ने योजना छ ?
१८. विकट गाउँ भएकोले सुत्केरी वा बिरामीको तत्काल उद्धार गर्नुपर्दा हेलिकोप्टर चाहिन्छ। तर, हाम्रोमा निषेधित क्षेत्र भन्दै हेलिकोप्टर उडाउन रोक लगाइएको छ। गृह मन्त्रालयको स्वीकृति लिने प्रक्रिया अति झन्झटिलो छ। यसलाई सहज बनाउन पालिकाले माथिल्लो निकायसँग पहल गर्नुपर्‍यो ।
१९. पालिकाको एम्बुलेन्स सेवा प्रभावकारी छैन। चालक पनि नियमित भेटिँदैनन् । यसबारे पालिकालाई जानकारी गराएको हो, सुनुवाइ भएन ।
२०. सुख्खायाममा जथाभावी डढेलो लगाउने चलन धेरै भयो । यसलाई नियन्त्रण गर्न कडा कारबाही गर्ने र जनचेतना जगाउने कार्यक्रम सञ्चालन होस् ।
२१. पालिकाबाट जनप्रतिनिधिले नै छोडेर विदेश जान थालेका छन् । वडाध्यक्ष नहुँदा काम कसले गर्छ ?
२२. मनास्लु ट्रेकिङ रुटमा जताततै पुलका लठ्ठाहरु छरपष्ट छन् । ति लठ्ठा कसको हो ? किन वर्षौंदेखि यसरी राखिएको हो ? यसलाई पालिकाले प्रयोग गर्न मिल्दैन ?
२३. कतिपय योजनाहरुमा जनप्रतिनिधि आफै प्रत्यक्ष संलग्न भएर काम गर्ने अनि भुक्तानी लिन समितिलाई पठाउने गरिएको छ। यसबारे अलि अनुगमन गर्नुपर्‍यो ।

**नागरिक प्रतिवेदन** (Citizen Report Card)

**गाउँपालिकाका विभिन्न वडामा पुगेर नागरिकहरुबाट भरिएको प्रतिबेदन-सहभागि नागरिक २५ जना**

**१. तपाइँले यस कार्यालयबाट समग्रमा कतिको सन्तुष्टि पाउनु भयो ?**

| | | |
|---|---|---|
| सन्तुष्ट | ठीकै | असन्तुष्ट |
| ६८ प्रतिशत | २० प्रतिशत | १२ प्रतिशत |

**२. सेवा लिन जाँदा कर्मचारीको व्यवहारप्रति तपाई कतिको सन्तुष्ट हुनुहुन्छ ?**

| | | |
|---|---|---|
| सन्तुष्ट | ठीकै | असन्तुष्ट |
| ५६ प्रतिशत | ३२ प्रतिशत | १२ प्रतिशत |

**३. पालिकाभित्र रहेका विद्यालयहरुमा निशुल्क पाठ्यपुस्तक पाउनु हुन्छ ?**

| | | |
|---|---|---|
| निशुल्क पाएका छौं | पैसा तिरेर किन्नु पर्छ | खै थाहा छैन |
| ४० प्रतिशत | १२ प्रतिशत | ४८ प्रतिशत |

**४. तपाईले सेवा लिन जाँदा अतिरिक्त रकम तिर्नु भयो ?**

| | | |
|---|---|---|
| तिरेको छैन | एकदमै कम | धेरै तिरेको |
| १०० प्रतिशत | ० प्रतिशत | ० प्रतिशत |

**५. तपाईंको पालिकामा रहेका स्वास्थ्य संस्थाहरुमा औषधी र उपकरण पर्याप्त मात्रामा उपलब्ध छन् ?**

| | | |
|---|---|---|
| उपलब्ध छन् | अलिअलि उपलब्ध छन् | उपलब्ध छैनन् |
| १२ प्रतिशत | ४८ प्रतिशत | ४० प्रतिशत |

**६. यस कार्यालयले विपन्न वर्गको लागि छुट्याएको सेवा प्रयोग गरेको थाहा पाउनु भएको छ ?**

| | | |
|---|---|---|
| छ | छैन | अलिअलि थाहा छ। |
| ३६ प्रतिशत | ५२ प्रतिशत | १२ प्रतिशत |

**७. वडा कार्यालयले प्रदान गर्ने सेवाहरु कत्तिको प्रभावकारी छन् ?**

| | | |
|---|---|---|
| प्रभावकारी छन् | आंशिक प्रभावकारी छन् | प्रभावकारी छैनन् |
| ३२ प्रतिशत | २० प्रतिशत | ४८ प्रतिशत |

**वडाध्यक्षले नै छोडेर गैसके के प्रभावकारी हुनु ?**

**८. यस कार्यालयमा तपाईले एउटा कामको लागि कति पटक धाउनु पर्‍यो ?**

| | | |
|---|---|---|
| १ पटक | २ पटक | सो भन्दा बढी |
| ४० प्रतिशत | ३६ प्रतिशत | २४ प्रतिशत |

**९. कार्यालयको भौतिक अवस्था कस्तो छ ?**

| | | |
|---|---|---|
| अति राम्रो | ठीकै | नराम्रो |
| १२ प्रतिशत | ३६ प्रतिशत | ५२ प्रतिशत |

**१०. कार्यालयमा भएको नागरिक बडापत्रबारे तपाईलाइ जानकारी छ ?**

| | | |
|---|---|---|
| छ | आंशिक जानकारी छ | कुनै जानकारी छैन |
| २८ प्रतिशत | २४ प्रतिशत | ४८ प्रतिशत |

**११. कार्यालय र सेवाग्राही बीचको सम्बन्ध कस्तो छ ?**

| | | |
|---|---|---|
| अति राम्रो | ठीकै | खासै राम्रो छैन |
| १६ प्रतिशत | ७६ प्रतिशत | ८ प्रतिशत |

**१२. राजस्व, शुल्क तथा दस्तुर को-कससंग उठाउने गर्दछन् ?**

| | | |
|---|---|---|
| सबैसँग उठाउँछन् | सीमित व्यक्ति सँग उठाउँछन् | निष्पक्ष छैन |
| ८० प्रतिशत | ० प्रतिशत | २० प्रतिशत |

**१३. कार्यालयमा सरसफाईको अवस्था कस्तो छ ?**

| राम्रो | ठीकै | खराब |
|---|---|---|
| ५६ प्रतिशत | ४४ प्रतिशत | ० प्रतिशत |

**१४. तपाईको गाउँपालिकामा विकास निर्माणको स्थिति कस्तो छ ?**

| राम्रो | ठीकै | खराव |
|---|---|---|
| २० प्रतिशत | ४८ प्रतिशत | ३२ प्रतिशत |

**१५. सञ्चालन गरेका योजनाहरु कत्तिको प्रभावकारी छन् ?**

| प्रभावकारी छन् | ठीकै छन् | प्रभावकारी छैनन् |
|---|---|---|
| १२ प्रतिशत | ६८ प्रतिशत | २० प्रतिशत |

**१६. योजनाहरु जाँचपास गर्दा प्राविधिकहरुलाई रकम दिनुपर्छ ?**

| पर्दैन | मागेरै लिन्छन् | रकम नदिए अप्ठ्यारो पार्छन् |
|---|---|---|
| १०० प्रतिशत | ० प्रतिशत | ० प्रतिशत |

**१७. पालिकाले ऐन, नियम, कानूनहरु निर्माण गर्दा तपाईंलाई बोलाउने गरेको छ कि छैन ?**

| बोलाएको छ | अहिलेसम्म बोलाएको छैन | पालिकाले कानून पनि बनाउँछ र ? |
|---|---|---|
| ० प्रतिशत | १०० प्रतिशत | ० प्रतिशत |

**१८. कार्यालयमा भएका कर्मचारीमा सीप कस्तो छ ?**

| आवश्यक सीप छ | आवश्यकता भन्दा कम छ | सीप निकै कम छ |
|---|---|---|
| ५२ प्रतिशत | ३६ प्रतिशत | १२ प्रतिशत |

**१९. गाउँपालिकामा यसअघि सार्वजनिक सार्वजनिक कार्यक्रम भएका छन् कि छैनन् ?**

| भएको थाहा छ | खै थाहा छैन | कार्यक्रमबारे जानकारी नै छैन |
|---|---|---|
| ३२ प्रतिशत | २० प्रतिशत | ४८ प्रतिशत |

**२०. यस कार्यालयको वार्षिक नीति, कार्यक्रम र श्रोतका बारेमा जानकारी पाउनु भएको छ ?**

| धेरै जानकारी पाएको छु | ठीकै जानकारी पाएको छु | कम जानकारी पाएको छु |
|---|---|---|
| १६ प्रतिशत | २० प्रतिशत | ६४ प्रतिशत |

## अनुसूची ४

***बहिर्गमन अभिमत र नागरिक प्रतिवेदनमा सोधिएका प्रश्नहरुको पालिकाका तर्फबाट प्राप्त जवाफ र स्पष्टिकरण***

**प्रश्नः** पदमार्ग निर्माण गर्दा खच्चड व्यवसायीले अवरोध गर्दा समयमा काम गर्न सकिएन, सुनुवाइ किन भएन ?
**जवाफः** खच्चड व्यवसायीलाई पटक-पटक आग्रह गर्दा र प्रहरी प्रशासन लगाउँदा पनि अटेरी गरेका छन् । यो समस्या समाधान गर्न पालिकाले मात्र नसक्ने भएकाले गाउँले र स्थानीय टोल विकास समिति आफैंले पनि उनीहरूलाई नियममा ल्याउन दबाब दिनुपर्ने देखिन्छ । हामी प्रशासनसँग समन्वय गरेर कामलाई तिब्रता दिन लगाउछौं ।

**प्रश्नः** गाउँपालिका अध्यक्ष प्रायः गाउँमा नबस्ने र बाहिर जाँदा उपाध्यक्षलाई कार्यवाहक नदिने परिपाटी किन ?
**जवाफः यस**लाई नागरिकको गम्भीर गुनासोको रूपमा ग्रहण गरिएको छ र आगामी दिनमा सेवा प्रवाह नरोकिने गरी सुधार गर्न ध्यानाकर्षण गराइनेछ ।

**प्रश्नः** सिर्दिबासमा करोडौं खर्च गरेर किन भड्किलो प्रशासनिक भवन बनाइँदैछ ? यो रोकेर अर्को बनाइयोस् ।
**जवाफः** पालिकाको दैनिक कामकाज गर्न आफ्नै प्रशासनिक भवन नहुँदा समस्या भएकाले यो पालिकाको आवश्यकता हो । यो रोक्ने वा नयाँ बनाउने भन्ने हुँदैन । ठेक्का सम्झौता भएर निर्माण सुरु भैसकेको छ ।

**प्रश्नः** बजेट तथा योजना तर्जुमा गर्दा नागरिकको सहभागिता किन हुँदैन ?
**जवाफः** बजेट तर्जुमा गर्दा टोल-टोलमा गएर जनताको सहभागितामै योजना छनोट गर्ने नीति पालिकाको छ। यदि कतै त्यस्तो भएको छैन भने आगामी दिनमा प्रत्येक टोलमा पुगेर मात्र योजना पास गरिनेछ। वडाध्यक्ष र जनप्रतिनिधि तथा सचिवहरुले यसलाई गम्भिरताका साथ लिनुहोला।
**प्रश्नः** योजनाहरुमा हरेक वर्ष एउटै व्यक्ति मात्र उपभोक्ता समितिमा किन दोहोरिन्छन् ?
**जवाफः** कानुन अनुसार एउटा व्यक्ति एकभन्दा बढी वा लगातार उपभोक्ता समितिमा बस्न मिल्दैन। यदि गाउँमा त्यस्तो भएको छ भने पालिकालाई जानकारी दिनुहोला। फरक वर्षमा फरक योजनाको समितिमा बस्न पाइन्छ। अहिले गाउँमा मान्छे पनि अभाव छ, समितिमा बस्ने मान्छे पाउनै समस्या छ।
**प्रश्नः** उपभोक्ता समितिको नाममा ठेकेदारले काम गर्ने र मजदुरको श्रम शोषण गर्नेलाई कारबाही किन हुँदैन ?
**जवाफः** यदि कामदारले तोकेको ज्याला पाएका छैनन् भने पालिकाको न्यायिक समितिमा लिखित उजुरी दिनुहोस्। पालिकाले ठेकेदारको भुक्तानी रोकेर मजदुरलाई पैसा दिलाउने काम गर्छ।
**प्रश्नः** योजनाहरुको दररेट नमिल्दा काम गर्न सकिएन, पालिकाको धारणा के छ ?
**जवाफः** दररेट जिल्ला दररेटअनुसार नै तय हुन्छ। नियमअनुसार भौगोलिक विकटताका कारण अधिकतम ४०% सम्म मात्र थप गर्न मिल्ने कानुनी प्रावधान छ। पालिकाले आफैं जथाभावी दररेट बढाउन मिल्दैन।
**प्रश्नः** छेकम्पारमा खन्न थालेको बाटोको अवस्था के छ र माथिबाट किन खनियो ?
**जवाफः** उक्त सडक पालिकाले खनेको नभई संघीय सरकारको बजेटबाट भएको हो। १२ वर्षअघि खनिएको हो। अब यसमाथि प्रश्न उठाउनुपर्ने अवस्था छैन। अहिले काम भएको पनि छैन।
**प्रश्नः** शिक्षकहरु विद्यालयमा अनुपस्थित भई यार्सागुम्बा टिप्न र भेडा चराउन जानेलाई के कारबाही हुन्छ ?
**जवाफः** विद्यालयमा शिक्षक नआएको वा भेडा चराउन गएको भनेर पालिकामा अहिलेसम्म कुनै लिखित उजुरी आएको छैन। वडा वा विद्यालय व्यवस्थापन समितिले लिखित उजुरी दिएमा कानुन अनुसार तत्काल कारबाही गरिनेछ।
**प्रश्नः** शिक्षकहरुलाई पालिका भित्रै आन्तरिक सरुवा गर्ने योजना के छ ?
**जवाफः** पालिकाको शिक्षा ऐन २०७५ मै बनेको छ। लामो समय एकै ठाउँमा बसेका शिक्षकहरूको आन्तरिक सरुवा गर्ने प्रक्रिया अगाडि बढाउने तयारी पालिकाले गरिरहेको छ।
**प्रश्नः** किसानले फलाएको स्याउ कुहिएर गयो, कोल्ड स्टोर वा जुस/सुकुटी उद्योगको योजना छ कि छैन ?
**जवाफः** स्याउ भण्डारणका लागि कोल्डस्टोर भन्दा पनि ड्राइ एप्पल (सुकुटी) बनाउने मेसिन ल्याएर पालिकाले परीक्षण सुरु गरिसकेको छ। यसका लागि ऋयाकमा तालिम पनि दिइएको छ। आगामी दिनमा अन्यत्र पनि तालिम सञ्चालन गरौंला। यसबाट किसानले फाइदा लिन सक्नेछन्। जाम बनाउने तालिम पनि सम्भव भए सञ्चालन गर्छौं।
**प्रश्नः** कृषि उपज बजारसम्म पुऱ्याउन पालिकाले ढुवानी अनुदान किन दिँदैन ?
**जवाफः** ढुवानी अनुदान दिने भन्दा पनि गाउँमै मेसिनमार्फत सुकुटी र जुस बनाएर तौल घटाउने र मूल्य बढाउने नीति पालिकाले लिएको छ।
**प्रश्नः** देवल गाउँको पहिरो बस्ती स्थानान्तरणको योजना के छ ?
**जवाफः** भूगर्भविदबाट अध्ययन गराएर बस्ती सार्नुपर्ने रिपोर्ट गृह मन्त्रालय र विपद् व्यवस्थापन प्राधिकरणमा पठाइसकिएको छ। यो केन्द्र सरकारको कार्यक्षेत्रभित्र पर्ने भएकाले पालिकाले निरन्तर ताकेता गरिरहेको छ।
**प्रश्नः** चीनले दिएको डोजर बिग्रिएर थन्किएको छ, मर्मत गर्ने कि फाल्ने ?
**जवाफः** त्यो चिनियाँ डोजर मर्मत गर्न नेपालमा एउटा मात्र कम्पनी रहेको छ। सेन्सर लक भएको उक्त मेसिन बनाउन कम्पनीले धेरै महँगो पैसा मागेको छ। आएर बनाइदेउ भन्दा पनि मानेको छैन। समस्या परेको छ, हाम्रो गलत नियतले रोकिएको होइन।

**प्रश्नः** हेलिकोप्टर रेस्क्युको लागि गृह मन्त्रालयको स्वीकृति लिने झन्झट कसरी हटाउने ?
**जवाफः** अहिले नियम परिवर्तन भएर गृह मन्त्रालय धाउनु पर्दैन, प्रमुख जिल्ला अधिकारीले नै सीधै अनुमति दिन सक्ने व्यवस्था लागू भइसकेको छ।
**प्रश्नः** पालिकाको एम्बुलेन्स सेवा किन प्रभावकारी छैन ?
**जवाफः** एम्बुलेन्स चलाउन ख वर्गको लाइसेन्स चाहिने र त्यस्तो चालक गाउँमा नटिक्ने समस्या छ। यसलाई थप प्रभावकारी बनाउन पालिकाले पहल गरिरहेको छ।
**प्रश्नः** जथाभावी डढेलो लगाउनेलाई कडा कारबाही किन गरिँदैन ?
**जवाफः** यसमा स्थानीय स्तरबाट टोलटोलमा जनचेतना बढाउनुपर्ने आवश्यकता छ। डढेलो लगाउने व्यक्ति पहिचान भएमा प्रहरी प्रशासनमार्फत कडा कानुनी कारबाही गरिनेछ।
**प्रश्नः** वडाध्यक्ष नै छोडेर विदेश जाँदा काम कसले गर्छ ?
**जवाफः** जनप्रतिनिधि विदेश जाँदा कानुन बमोजिम वडा सदस्यलाई कार्यवाहक दिएर जानुपर्ने व्यवस्था छ। विदेश जानै रोक्ने अधिकार हामीलाई छैन। तर, वडाको काम रोकिन हुँदैन।
**प्रश्नः** मनास्लु ट्रेकिङ रुटमा छरपष्ट पुलका लट्ठाहरु पालिकाले प्रयोग गर्न मिल्दैन ?
**जवाफः** ती लट्ठाहरु संघीय सडक तथा झोलुङ्गे पुल विभागको सम्पत्ति हुन्। पालिकाले सीधै लिलामी गर्न वा कबाडीमा बेच्न मिल्दैन, त्यसको लागि माथिबाटै लिलामीको प्रक्रिया आउनुपर्छ।
**प्रश्नः** जनप्रतिनिधि आफै ठेक्कापट्टामा संलग्न हुने कुरामा अनुगमन खोइ ?
**जवाफः** जनप्रतिनिधि वा उहाँहरुको एकाघरको परिवारले उपभोक्ता समिति वा ठेक्कापट्टाको काम गर्न कानुनले पूर्ण रूपमा बन्देज लगाएको छ। यस्तो पाइएमा पालिकाले भुक्तानी रोक्ने र कारबाही गर्नेछ।

## अनुसूची ५

**चुमनुब्री गाउँपालिका, सार्वजनिक सुनुवाई कार्यक्रम-२०८३**
**कार्यक्रम तालिका**

| क्र.सं. | समय | विवरण | |
|---|---|---|---|
| १. | | अध्यक्षता ग्रहण र प्रमुख जवाफदेही | लक्ष्मी गुरुङ-उपाध्यक्ष |
| २. | | आसन ग्रहण | **प्रमुख जवाफदेही**<br>मनोज लामिछाने-प्रमुख प्रशासकीय अधिकृत<br>**वडाध्यक्षहरुः**<br>कर्मा छेवाङ लामा-अध्यक्ष, वडा नम्बर १<br>मिङ्म्युर दोर्जे लामा-अध्यक्ष, वडा नम्बर २<br>रामकुमार गुरुङ-अध्यक्ष, वडा नम्बर ३<br>पेमा ग्याल्पो लामा-अध्यक्ष, वडा नम्बर ४<br>कालेन छेवाङ-अध्यक्ष, वडा नम्बर ५<br>सरोज लामा-अध्यक्ष, वडा नम्बर ६<br>टसी दोर्जे लामा-अध्यक्ष, वडा नम्बर ७<br>कार्यपालिका सदस्यहरु, गाउँसभा सदस्यहरु।<br>**जवाफदेही**<br>सुनील पनेरु-प्रमुख, प्राविधिक शाखा<br>रविन मिश्र-प्रमुख, लेखा शाखा<br>पवन सुवेदी-प्रशासन शाखा<br>बासुदेव वली-प्रमुख, सामाजिक विकास<br>**संघसंस्थाको तर्फबाट**<br>बिषयगत शाखाका अन्य प्रमुख प्रतिनिधीहरु, कार्यालयका कर्मचारी तथा वडा सचिवहरु, प्राविधिकहरु, नागरिक समाज, |

| | | | |
|---|---|---|---|
| | | | उपभोक्ता समिति, टोल विकास समिति, विभिन्न समूह तथा संजाल, विव्यस, शिक्षक तथा सर्वसाधारण नागरिकहरु । |
| ३. | | स्वागत तथा कार्यक्रमबारे जानकारी | रविन मिश्र-प्रमुख, लेखा शाखा |
| | सार्वजनिक सुनुवाईको चरणमा प्रवेश | | |
| | सेवाप्रवाहबारे चौमासिक जानकारी | | मनोज लामिछाने, प्रमुख प्रशासकीय अधिकृत |
| ४. | | आचार संहिता जानकारी | : सहजकर्ता |
| ५. | | नागरिक प्रतिवेदन र बहिर्गमन अभिमत | : सहमत मिडिया प्रालि |
| ६. | | लिखित र मौखिक प्रश्न संकलन | : सहजकर्ता |
| ७. | | प्रश्न तथा गुनासो स्पष्ट | उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडाध्यक्षहरु, शाखा प्रमुखहरु |
| ८. | | थप जिज्ञासा आह्वान | : सहजकर्ता |
| ९. | | थप जिज्ञासामा स्पष्टता | प्रमुख प्रशासकीय अधिकृत, उपाध्यक्ष |
| १०. | | धन्यवाद सहित समापन | कार्यक्रम अध्यक्ष |
| ११. | | चियापान | |

## अनुसूची ६

## सार्वजनिक सुनुवाइ कार्यक्रमका तस्विरहरु




सार्वजनिक सुनुवाइ तथा
समीक्षा कार्यक्रम आ.व २०८२/०८३








पुमनुब्री गाउँपालिकाले प्रदान गरेको सेवा प्रवाह र विकास निर्माणबारे
सार्वजनिक सुनुवाइ तथा
समीक्षा कार्यक्रम आ.व २०८२/०८३
मिति: २०८३ बैशाख २० गते, स्थान: वडा नम्बर ५ बिही
पुमनुब्री गाउँपालिकाको कार्यालय
गोरखा
सहमत मिडिया प्रा.लि.




























# अनुसूची ७

## सार्वजनिक सुनुवाइ कार्यक्रमको उपस्थिति


आज मिति २०८३ वैशाख २० गतेका दिन चुमनुब्री गाउँपालिका उपाध्यक्ष श्री लक्ष्मी गुरुङको अध्यक्षतामा चुमनुब्री गाउँपालिका स्तरिय सार्वजनिक सुनुवाई तथा समिक्षा कार्यक्रम चुमनुब्री गाउँपालिकाको आयोजना तथा सहमत मिडिया प्रा ली को सहजीकरणमा तपसिलको उपस्थितीमा सम्पन्न गरियो।

| | | |
|---|---|---|
| १. श्री लक्ष्मी गुरुङ | उपाध्यक्ष | चुमनुब्री गाउँपालिका |
| २. श्री मनोज लामिछाने | प्र प्र अ | चुमनुब्री गाउँपालिका |
| ३. श्री पाल्साङ लामा | | सेराङ गुम्बा |
| ४. श्री कालेन छेवाङ लामा | वडा अध्यक्ष | वडा नं ५ |
| ५. श्री पेमा ग्यालपो लामा | वडा अध्यक्ष | वडा नं ४ |
| ६. श्री सोनाम साङमो लामा | का पा सदस्य | चुमनुब्री गाउँपालिका |
| ७. श्री तान्जेन नुर्पु गुरुङ | वडा सदस्य | वडा नं ५ |
| ८. श्री खामसुङ दोर्जे | वडा सदस्य | वडा नं ५ |
| ९. श्री सोनाम घ्याल्जेन गुरुङ | नि. वडा अध्यक्ष | वडा नं ५ |
| १०. श्री ओर्केन लामा | वि व्य स अध्यक्ष | सेराङगी हिमाली मा वि |

समाप्त ।